६. अभ्यास अवधिः— ६ महिना ।

७. कामः— डब्ल्यू. एच्. ओ. सम्बन्धी अफिसका सबै काम, विशेष गरी अंग्रेजीमा लेखापढी गर्नुपर्ने ।

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन,
सिंहदरबार, काठमाडौं, नेपाल.

पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. ६ क (२०११)

शिक्षामन्त्रालयअन्तर्गत महिला प्रधान पाठशालामा एक शिक्षक चाहिएको छ । योग्य उमेदवारहरूले प. स. क. दरखास्त फारम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी २०१३ साल कार्तिक ६ गते सोमबारसम्ममा तलको ठेगानामा पुग्ने गरी भो. रु. १।५० नगद वा त्यतिको नेपाली टिकटसहित दरखास्त दिनुहोला । फी दस्तुर नभएको दरखास्तमा विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, मठी, बौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छः—

१. पदः — शिक्षक, नन्गजेटेड, स्थायी तथा पेन्शन पाइने ।

२. आवश्यक न्यूनतम योग्यताः—अर्थशास्त्र, राजशास्त्र, र इतिहासमध्येकुनै २ विषय लिएर बी. ए. पास भएको एवं संस्कृतको पनि विशेष ज्ञान भएको ।

३. मासिक तलब स्केलः— भा. रु. १०५—२००

४. मासिक महँगी भत्ताः— भा. रु. १५

आज्ञाले—
खड्गमान मल्ल,
सेक्रेटरी—पब्लिक सर्भिस कमिशन.
सिंहदरबार काठमाडौं नेपाल

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।